भाग-२

# स्थानीय राजपत्र

चौंरीदेउराली गाउँपालिकाद्वारा प्रकाशित

| खण्डः ४ | संख्याः.३ | मितिः २०७७/०५/३१ |
|---|---|---|

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम चौंरीदेउराली गाउँपालिका गाउँसभाले **चौंरीदेउराली गाउँपालिकामा मदिरा प्रतिबन्ध गर्न बनेको कार्यविधि, २०७७** सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# मदिरा प्रतिबन्ध गर्न बनेको कार्यविधि, २०७७

चौंरीदेउराली गाउँकार्यपालिकाको कार्यालय

ढाँडखर्क भञ्ज्याङ्ग, काभ्रेपलाञ्चोक

बागमती प्रदेश

नेपाल

कार्यपालिका द्वारा स्वीकृत मितिः २०७७/०५/०६

# "चौंरीदेउराली गाउँपालिकामा मदिरा प्रतिबन्ध गर्न बनेको कार्यविधि, २०७७"

**प्रस्तावना**

गाउँपालिकाभित्र पटकपटक देखा परेका सामाजिक अराजकता तथा उदण्डता, घरेलु महिला तथा बालबालिका हिंसा लगायत झै-झगडा, आत्महत्या, हत्याहिंसा, बलात्कार, कुटपिट जस्ता जघन्य अपराध तथा जघन्य अपराध उन्मुख घटना र स्वास्थ्य जोखिमलाई मध्यनजर गर्दै चालु आ.व. ०७७/०७८ को गाउँसभाबाट पारित नीति तथा कार्यक्रमको बुँदा नं. ९० को आधारमा विभिन्न जाति, जनजातिका समुदायको परम्परागत संस्कार, संस्कृति, धर्म र रीतिरिवाजहरूमा प्रभाव नपर्ने गरी चौंरीदेउराली गाउँपालिका क्षेत्रभित्र व्यावसायिक उद्देश्यले मदिरा उत्पादन, विक्री वितरण तथा ओसारपसार गर्न पूर्ण प्रतिबन्ध गर्नुपर्ने आवश्यकता देखिएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम चौंरीदेउराली गाउँपालिकाको गाउँसभाले निर्देश गरे बमोजिम कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेदः १
## प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भः**

१) यो कार्यविधिको नाम “मदिरा प्रतिबन्ध गर्न बनेको कार्यविधि, २०७७" रहेको छ ।

२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२) **परिभाषाः**

१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

(ख) “गाउँपालिका” भन्नाले चौंरीदेउराली गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) “कार्यपालिका” भन्नाले चौंरीदेउराली गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) “कार्यालय” भन्नाले चौंरीदेउराली गाउँपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) “मदिरा प्रतिबन्ध” भन्नाले व्यावसायिक ध्येयले घरेलु तथा कम्पनीद्वारा उत्पादन गरिएका सबै प्रकारका मदिरामा पूर्ण प्रतिबन्ध भएको भन्ने जनाउँछ ।

(च) “होटल” भन्नाले भोजन खानपिनको प्रबन्ध भई वा नभई बसोबासको सुविधा दिने गरी व्यावसायिक आधारमा चलाइएको होटल वा लज सम्झनु पर्दछ र सो शब्दले रेष्टुराँ समेतलाई जनाउँछ ।

(छ) “सभा” भन्नाले चौंरीदेउराली गाउँपालिकाको सभालाई सम्झनु पर्दछ ।

(ज) “अध्यक्ष” भन्नाले चौंरीदेउराली गाउँपालिकाको गाउँपालिका प्रमुख सम्झनु पर्दछ ।

(झ) "उपाअध्यक्ष" भन्नाले चौंरीदेउराली गाउँपालिकाको गाउँपालिका उप-प्रमुख सम्झनुपर्दछ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चौंरीदेउराली गाउँपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी वहन गरेको अधिकारी सम्झनु पर्दछ ।

(ट) "वडा अध्यक्ष" भन्नाले चौंरीदेउराली गाउँपालिकाको विभिन्न वडाबाट निर्वाचित वडा अध्यक्षहरू सम्झनु पर्दछ ।

(ठ) "सचिव" भन्नाले चौंरीदेउराली गाउँपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ। वडाको हकमा सम्बन्धित वडासचिवलाई सम्झनु पर्दछ ।

(ड) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले गाउँपालिकाले मदिरामा पूर्ण प्रतिबन्धको अवस्थालाई सम्झनु पर्दछ ।

(ढ) "समिति" भन्नाले मदिरा प्रतिबन्ध गर्न बनेको समिति प्रत्येक वडामा गठित वडास्तरीय मदिरा प्रतिबन्ध समितिलाई सम्झनु पर्दछ ।

(ण) "मूलसमिति" भन्नाले चौंरीदेउराली गाउँपालिकामा गठित चौंरीदेउराली गाउँपालिकाको मदिरा प्रतिबन्ध समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

### समिति गठन सम्बन्धी व्यवस्था

**३) मदिराको बिक्री वितरणलाई व्यवस्थित गर्न देहायको मदिरा प्रतिबन्ध मूलसमिति गठन गरिनेछः**

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) उपअध्यक्ष - सदस्य

(ग) वडा अध्यक्ष ९ जना -सदस्य

(घ) ईलाका प्रहरी वा प्रहरी चौकीको प्रमुख सदस्य निजले तोकेको प्रहरी अधिकृत -सदस्य

(ङ) आमा समूहबाट (३) जना, बालसमूह (१), युवाहरूमध्ये बाट (१), दलित बाट (१), अपाङ्ग (१) जना, कार्यपालिकाले तोकेका (७) जना कम्तिमा ३ जना महिला -सदस्य

(च) उद्योग व्यापारीहरुबाट २ जना गा.पा.ले तोकेको -सदस्य

(छ) वित्तीय संस्था ,गैर सरकारी संस्था, बौद्धिक समाजबाट संयोजकले तोकेको ३ जना -सदस्य

(ज) प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

गाउँ कार्यपालिकाले आवश्यक देखेमा यस समितिमा सदस्य थपघट गर्न सक्नेछ ।

**४. मूलसमितिको काम, कर्तव्य र अधिकारः**

(क) गाउँपालिकामा हुने विकृति, विसंगति तथा मदिरामा पूर्ण प्रतिबन्ध गर्ने गराउने,

(ख) वडा स्तरीय मदिरा प्रतिबन्ध समितिलाई निर्देशन दिने,

(ग) मदिरा प्रतिबन्धको नियमन गर्न र कार्यविधिलाई कडाइका साथ लागू गर्ने गराउने,

(घ) यो कार्यविधि विपरीत कार्य गर्नेलाई जरिवाना गर्ने, गराउने,

(ङ) मदिरा प्रतिबन्ध कार्य व्यवस्थापन गर्न आवश्यक अध्ययन, अनुगमन गर्ने गराउने,

(च) मदिराको प्रतिबन्ध गर्न प्रत्येक वडामा देहाय बमोजिम वडा स्तरीय मदिरा प्रतिबन्ध समिति गठन गरिन,

(छ) वडा समितिको काम कारबाहीको अनुगमन गर्ने गराउने,

(ज) गाउँपालिकाको प्रत्येक प्रवेशद्वारहरूमा चेक पोष्ट राख्ने व्यवस्था गर्ने,

(झ) वडा स्तरमा गठित मदिरा नियन्त्रण समितिलाई गाउँपालिकाबाट आर्थिक सहयोगको व्यवस्था गर्ने,

(ञ) मदिरा प्रतिबन्ध कार्यमा सफलता प्राप्त गर्नका लागि गाउँकार्यपालिकाको निर्णय अनुसार आवश्यक वजेट विनियोजन गर्ने ।

**५. मदिराको प्रतिबन्ध गर्न प्रत्येक वडामा देहाय बमोजिम २५ जना सम्मको वडास्तरीय मदिरा प्रतिबन्ध समिति गठन गरिनेछ।**

(क) सम्बन्धित वडाको वडा अध्यक्ष -संयोजक

(ख) सम्बन्धित वडाका वडा सदस्यहरु -सदस्य

(ग) ईलाका प्रहरी कार्यालय तथा वडा प्रहरी कार्यालयको इन्चार्ज वा निजले तोकेको प्रहरी कर्मचारी -सदस्य

(घ) सम्बन्धित वडाका टोल विकास समितिका अध्यक्षहरु मध्येबाट संयोजकले तोकेको कम्तिमा एक महिला सहित २ जना -सदस्य

(ङ) सम्बन्धित वडाका नागरिक संगठन, संघ संस्था, आमा समूहको प्रतिनिधि मध्ये वडा समितिले तोकेको २ जना -सदस्य

(च) क्रियाशील राजनीतिक दलहरुबाट कम्तिमा १/१ जना -सदस्य

(छ) वडा स्तरीय बालक्लव, युवासञ्जाल, नागरिक समाज वडा अध्यक्षले तोकेको ३ जना -सदस्य

(ज) स्वास्थ्य चौकी प्रमुख १ जना -सदस्य

(झ) दलित नेटवर्कबाट १ जना -सदस्य

(ञ) सम्बन्धित वडाको वडा सचिव -सदस्य सचिव

**६. वडास्तरीय मदिरा प्रतिबन्ध समितिको काम कर्तव्य र अधिकारः**

(क) वडामा यस कार्यविधि वमोजिम मदिरा पूर्ण प्रतिबन्ध छ, छैन ? अनुगमन गरी सोको आवश्यक कारबाहीको प्रक्रिया पूरा गरी सो जानकारी मूलसमितिलाई दिने,

(ख) यस कार्यविधिमा भएको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

## परिच्छेदः३
## मदिरा प्रतिबन्ध कोष सम्बन्धी व्यवस्था

**७. यस कार्यविधि विपरीत मदिरा विक्री वितरण र सेवन गर्ने व्यक्तिबाट यस कार्यविधि बमोजिम उठेको जरिवाना रकमको प्रतिशत ७५ वडा समितिमा र २५ प्रतिशत यस समितिको बैंकमा खाता खोली छुट्टै कोष स्थापना गरिनेछ ।**

(क) मदिरा प्रतिबन्ध कोषको सञ्चालन गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको संयुक्त दस्तखतबाट गरिनेछ । वडामा रहेको ७५ प्रतिशत रकम वडाले समितिको नाममा खाता खोली, समिति वडा संयोजक तथा सदस्य सचिवको संयुक्त दस्तखतवाट संचालन गरी आवश्यकता अनुसार खर्च गर्न सक्नेछ ।
(ख) वडास्तरीय मदिरा प्रतिबन्ध समितिले जरिवानावाट उठाएको रकम यसै कोषमा दाखिला गर्नु पर्नेछ ।

**८. कोषको रकम खर्च गर्न गाउँपलिकाको निर्णय अनुसार देहाए बमोजिम खर्च गरिनेछः**

(क) गम्भीर रोग लागेका तर आर्थिक अभावका कारण उपचार गर्न असमर्थ भएका व्यक्तिलाई आर्थिक सहयोग गर्ने,
(ख) घरेलु हिंसामा परेका महिलाहरूलाई आवश्यक जीविकोपार्जनका लागि आवश्यक सहयोग गर्ने,
(ग) बेवारिसे व्यक्ति मरी लास सदगत गर्नु परेमा,
(घ) गाउँपालिकाले उचित ठह-याएको अन्य सामाजिक सेवामा,
ङ बालक्लव मार्फत बालवालिकाको सिर्जनात्मक क्षमता विकासको लागि,
(च) मदिरा प्रतिबन्धका बिषयमा जनचेतनामूलक कार्यक्रमहरूमा,
(छ) आमा समूहको हकहित र क्षमता विकासका लागि,
(ज) सरसफाइ सम्बन्धी कार्यक्रममा,
(झ) साहित्य संगीत, संस्कृत, कला, नारा, जनचेतनामूलक कार्यक्रममा,
(ञ) गोप्य रूपमा वास्तविक सूचना दिने व्यक्तिलाई प्रोत्साहन गर्न ।

## परिच्छेद ४

## मदिराको प्रतिबन्ध व्यवस्थापन सम्बन्धी व्यवस्था

**९. मदिराको प्रतिबन्ध गर्दा सामाजिक विकृति, विसङ्गति, घरेलु हिंसा, झै-झगडा, विभिन्न अपराध जन्य घटना घट्न कमी हुने र शान्ति स्थापना हुने भएकाले त्यसका लागिः**

(क) मदिराको प्रतिबन्ध गर्नका लागि जनचेतना मूलक कार्यक्रम संचालन गर्ने,
(ख) मदिराको खराबी बारे आमा समूह, बालक्लव, युवाक्लवहरूलाई अभिमुखीकरण तालिम संचालन गर्ने ।,
(ग) आयआर्जनका कार्यक्रमहरूमा लगानीको वातावरण सृजना गर्ने ।
(घ) सभ्य र सुसंस्कृत समाज निमार्ण गर्ने ।

**१०. कारवाही सम्बन्धी व्यवस्था-** सरकारी एवं गैरसरकारी संघसंस्थाहरूका कार्यालय, निजी तथा सामूहिक लगानीमा सञ्चालित सार्वजनिक महत्त्वका व्यक्तिगत होटल, पसल र अन्य व्यवसाय गर्ने स्थानहरू र सोको आसपास नियमानुसारको दुरीभित्र पर्ने वा नपर्ने व्यक्ति वा व्यवसायीहरूले कुनैपनि प्रकारको मदिरा वा

मदिराजन्य पदार्थको व्यावसायिक उत्पादन, ओसारपसार तथा विक्री वितरण गरेमा निम्नानुसार कारबाही गरिने छ ।

१०.१ यस कार्यविधि विपरीत विक्री वितरण गर्ने र ढुवानीसमेत गर्नेलाई देहाय बमोजिम जरिवाना गरिनेछः

१०.१.१ मदिरा बेचविखन तथा ओसार पसार गरेको सूचना प्राप्त भई सम्बन्धित अधिकारवाला निकायले छापामारी चेक गर्दा प्राप्त मदिरा सबै बरामद गरी नष्ट गर्ने र त्यसको मूल्य बराबरमा दोब्बर हिसाब गरी जरिवाना गर्ने वा तल दिएको मध्ये जुन बढी हुन आउँछ, त्यसलाई कार्यान्वयन गर्नेः

(क) पहिलो पटक रू. ५०००।-
(ख) दोश्रो पटक रू. १०,०००।-
(ग) तेश्रो पटक रू. २०,०००।-
(घ) सोभन्दा बढी पटक गरेको पाइएमा तेश्रो पटक गरिएको जरिवाना भन्दा दोब्बर गरिनेछ ।
(ङ) यी सबै कारवाही पश्चात पनि अटेर गरेमा सावर्जनिक अपराध ऐन अन्तर्गत मुद्दा चलाउने सिफारिस गर्ने ।

१०.२ (क) कोही कसैले कहीँकतै वा आफ्नै घरमा समेत विभिन्न चाड पर्व, धर्म, रीतिरिवाज, संस्कार संस्कृति र परम्पराका नाममा कुनै पनि प्रकारको मदिरा सेवन गरी सार्वजनिक स्थल, बाटोघाटो, चौतारा, पार्क, उद्यान आदि स्थानहरू, मेला पर्व, जात्रा आदि विभिन्न सरकारी एवं गैर सरकारी कार्यालय र विद्यालय हाता र विभिन्न संघ संस्था वा कार्यालयहरूले गर्ने सभा सम्मेलन, गोष्ठी, उत्सव आदि र मानिसहरू भेला भई गरिने कुनैपनि कार्य गर्न लागेको स्थलमा गएर हो-हल्ला, झैझगडा गर्ने,गाली गलौज गर्ने जो कसैलाई पनि सम्बन्धित निकायले नियन्त्रणमा लिई तोकिए बमोजिमको कारबाही गर्न सक्नेछ ।

(ख) कसैले मादक पदार्थ सेवन गरी माथि उल्लेखित कार्य वा यस कार्यविधिमा उल्लेखित कुनै पनि घटना घट्न गएमा खान दिने पसले, व्यक्ति वा व्यवसायी समेतलाई दोषी करार गरी यस कार्यविधिमा उल्लेखित दण्ड जरिवाना वा मुद्दाको भागिदार बनाइने छ ।

**११. यस कार्यविधि विपरीत मदिरा सेवन गरी माथि उल्लेखित जुनसुकै स्थानहरू लगायत जहींतहीं हो-हल्ला, अशान्ति, झै-झगडा गरेको पाइएमा देहाए बमोजम जरिवाना गरिनेछः-**

(क) पहिलो पटक लाई रु. १,५००।- (एकहजार पाँचसय)
(ख) दोश्रो पटक लाई रु. ३०००।- (तीन हजार)
(ग) तेश्रो पटक लाई रु. ४,५००।- (चारहजार पाँचसय)
(घ) सोभन्दा बढी पटक भएमा १०,०००।- (दश हजार)

११.१ चौरीदेउराली गाउँपालिकाका पदाधिकारीहरू र प्रमुख प्रशासकीय अधिकृतले मदिरा सेवन गरेको प्रमाण पाइएमा अध्यक्षवाट माथि उल्लेखित जरिवानाको दोब्बरको सजाय साथै सार्वजनिकरणको प्रक्रिया अगाडि बढाइने छ ।अध्यक्षको हकमा उपाअध्यक्ष मार्फत र उपाअध्यक्षको हकमा अध्यक्ष मार्फत गाउँ कार्यपालिकाले दोब्बरको प्रक्रिया अगाडि बढाउन सक्नेछ र सार्वजनिकरण गर्नेछ । कर्मचारीहरूको हकमा प्रमुख प्रशासकीय अधिकृतले विभागीय कारबाहीका साथै सार्वजनिकरणको प्रक्रिया अगाडी बढाउनेछ ।

११.२ (क) विद्यालय समयमा कुनै शिक्षकले मदिरा तथा मदिराजन्य पदार्थ सेवन गरी उपस्थित भएको जानकारी प्राप्त भएमा गाउँकार्यपालिकाको शिक्षा शाखामा रहेका शिक्षा शाखा प्रमुख मार्फत् प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी लिखित वा मौखिक रूपमा दिएमा विभागीय कारबाहीको लागि प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।

११.२ (ख) पहिलो पटक लिखित स्पष्टीकरण सहित माफी मगाउने, दोश्रो पटक दोहोरिएमा सम्बन्धित विद्यालयबाट अन्यत्र विद्यालयमा सरुवा गर्ने र तेश्रो पटक पनि दोहोरिएमा ग्रेड रोक्का घटुवा लगायतका विभागीय कारबाहीहरू अगाडि बढाउने ।

११.३ चौरीदेउराली गाउँपालिकाभित्रको कुनै पनि जिम्मेवार पक्षले यो कार्यविधि विपरीत कार्य गरिएको पाइएमा दफा ११ (घ) अनुसार कारबाही गरिनेछ ।

११.४ चौरीदेउराली गाउँपालिकाभित्रका बासिन्दाहरूले यो कार्यविधि विपरीत कार्य गरेमा गाउँपालिकाबाट पाइने सम्पूर्ण सेवा सुबिधाहरु रोक्नका लागि वडा समितिले मूल समितिमा सिफारिस गर्नेछ र रोक्काको प्रक्रिया अगाडि बढाइनेछ ।

११.५ मूलसमितिले सेवा सुविधाहरू रोक्नका लागि कारबाहिको सिफारिस कार्यपालिकाले अनुसन्धान र अनुगमन गरी सेवा सुविधाहरू रोक्नका लागि उचित कारबाही गर्नेछ ।

११.६ व्यावसायिक उद्देश्यले मदिरा ढुवानी गरेको सवारी साधन पाइएमा उक्त सवारी साधन नियन्त्रणमा लिई सो मदिरा जफत गरी नष्ट गर्ने र जफत गरिएको मदिराको मूल्यको दोब्बर जरिवाना गरी पहिलो पटक छोडिने छ र दोहोरिएमा उल्लेखित कारबाही गरी सो सवारी साधनलाई चौरीदेउराली गाउँपालिकाभित्र सञ्चालन गर्नबाट रोक लगाइने छ ।

११.७ मदिरा प्रतिबन्धका लागि चौरीदेउराली गाउँपालिका छिमेकी गाउँपालिकासँग सहयोगको लागि समन्वय गरिनेछ ।

११.८ यो कार्यविधि कार्यान्वयनकालागि सरकारी तथा गैरसरकारी निकायहरु र गाउँपालिकावासी सहयोगको लागि सहभागी गराइनेछ ।

११.९ यो कार्यविधि कार्यान्वयन गर्नका लागि नेपाल प्रहरीको सहयोग एवम् सक्रिय सहभागिता हुनेछ ।

११.१०. गाउँपालिका भित्रका स्काउट,बालक्लव,स्व.वि.यु.र आमा समूहरुलाई कार्यविधि कार्यन्वयनको सहयोगी संस्था मानिने छ ।

११.११ यो कार्यविधि कार्यान्वयनकालागि सहयोग पुऱ्याउने सम्पूर्ण सरकारी निकाय, गैरसरकारी संघ संस्थाहरू, विद्यालय, राजनैतिक दल, बुद्धिजीवि तथा सर्वसाधारण सम्पूर्ण महानुभावहरूलाई सहयोग गरेको गोप्य अभिलेख राखी उचित सम्मान र पुरस्कारको व्यवस्था गरिनेछ ।

११.१२ (क) कसैले खुला वा लुकाई छिपाई गरी बिक्री वितरण गरेको सूचना दिने व्यक्तिलाई अधिकार प्राप्त निकायद्वारा छापामारी चेक जाँच गर्दा मदिरा भेटिएमा त्यस वापत कारवाही स्वरुप गाउँपालिकामा प्राप्त हुने रकम मध्येबाट २०% रकम सूचना दिने व्यक्तिलाई प्रदान गरिनेछ । सूचना दिने व्यक्तिको नाम ठेगाना गोप्य राखिनेछ ।
(ख) त्यसै गरी ३०% रकम प्रहरी प्रशासनलाई इन्धनको लागि दिइने छ ।
(ग) यस कार्यविधिको पालना नगर्नेलाई यस कार्यविधि बमोजिम जरिवाना गर्ने । जरिवाना तिर्न अटेर गरेमा निजलाई समाजमा विकृति, विसंगति र असहिष्णुता फैलाई प्रस्तावनामा उल्लेखित अपराधका घटना घटाउने पात्र सरहको अभियोग करार गरी सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा दर्ता गरी आवश्यक कारबाही अगाडि बढाइनेछ ।
(घ) समय समयमा मूल समितिले दिएको आदेश निर्देशनको पालना गर्ने गराउने कार्य मातहतका समितिहरुले गर्नुपर्ने छ ।
(ङ) यस कार्यविधि बमोजिम आफूले गर्नुपर्ने अन्य कार्य गर्ने ।

११.१२ यदि कुनै व्यक्तिले उपर्युक्त अनुसारको जरिवाना तिर्न इन्कार गरेमा निजलाई वडा कार्यालय तथा गाउँपालिकाबाट प्राप्त हुने सेवा सुविधा रोक्का राखी कारबाही गरीनेछ।

**१२. युवा अनुसन्धान समितिः** मदिरा प्रतिबन्ध कार्यविधि लाई कार्यान्वयन गर्न युवा अनुसन्धान समिति गठन गर्ने ।
१२.१ मदिरा प्रतिबन्ध युवा अनुसन्धान समितिमा ११ सदस्य रहनेछन्।

| | | |
|---|---|---|
| १२.२ | अध्यक्ष | -सदस्य |
| १२.३ | ९ जना | -सदस्य |
| १२.४ | प्रमुख प्रशासकीय अधिकृतले तोकेको गाउँपालिकाको १ जना कर्मचारी | -सदस्य सचिव |

**१३. युवा अनुसन्धान समितिको कर्तव्य र अधिकारः**
१३.१ सुराकीले दिएको सुचनाको आधारमा अनुसन्धान गर्ने, सूचना सही भएको खण्डमा निजसँग भएको मदिरा तुरुन्तै बरामद गरी कारबाहीको सिफारीस वडासमिति मार्फत मूल समितिलाई जानकारी गराउने,

१३.२ मालबाहक सवारी साधनमा मदिरा ओसारपसार गरेको शंका पाइएमा तुरुन्तै त्यसको अनुसन्धान गरी वरामत गरेको मदिरा वडा समितिलाई बुझाउने र मूलसमितिलाई जानकारी दिने,

१३.३ बरामद मदिरालाई प्रहरीको रोहवरमा नष्ट गराउने,

१३.४ प्रत्येक महिनामा रिपोर्ट तयार गरी मूलसमितिलाई बुझाउने ।

**१४. गाउँपालिका स्तरीय आमा समूह गठन गर्नेः** मदिरा प्रतिबन्ध कार्यविधिलाई कार्यान्वयन गर्न उपप्रमुखको नेतृत्वमा मूल आमा समूह गठन गर्ने ।

१४.१ उप-प्रमुख -संयोजक

१४.२ प्रत्येक वडाको आमा समूहबाट ९ जना -सदस्य

१४.३ प्रमुख प्रशासकीय अधिकृतले तोकेको गाउँपालिकाको महिला कर्मचारी १ जना -सदस्यसचिव

**१५. गाउँपालिका स्तरीय काम, कर्तव्य र अधिकारः**

१५.१ यो कार्यविधि कार्यान्वयन गर्न क्रियाशील रहने,

१५.२ यो कार्यविधि विपरीत अवैद्य रुपमा मदिरा विक्री, वितरण गर्नेलाई नियन्त्रण गर्ने,

१५.३ महिलाहरूलाई जनचेतना, सरसफाइ, सांस्कृतिक कार्यक्रमको आयोजना गर्ने,

१५.४ मदिराको कारण हुने महिला हिंसा, छुवाछुत, झैझगडा, बालविवाह, रोकथामको लागि आवश्यक कार्य गर्ने,

१५.५ महिलामैत्री, बालमैत्री, अपाङ्गमैत्री जस्ता कार्यहरू गर्ने गराउने,

१५.६ सरसफाइका अभियानहरू चलाउने तथा चौरीदेउराली गाउँपालिकालाई मदिरामुक्त गाउँपालिका निर्माण गर्न सहयोग पुर्याउने,

१५.७ समाजिक रुढीवादी प्रथाजस्तै, छुवाछुत, बालविवाह वोक्सी तथा अन्य सामाजिक रुढीवादी परम्परा न्यूनीकरण गर्ने कार्य गराउने,

१५.८ वातावरण पर्यावरणलाई अनुकुल बनाउन वृक्षारोपण, वनजंगल संरक्षण कार्यक्रमहरू गर्ने, गराउने,

१५.९ मासिक रूपमा प्रतिवेदन बनाई गाउँ कार्यपालिकामा पेश गर्ने,

१५.१० विपद् परेकालाई सहयोग गर्ने र विपद व्यवस्थापनको लागी पूर्व तयारी गर्ने, गराउने।

**१६. वडा आमा समुहः**

१६.१ मदिरा प्रतिबन्ध कार्यविधिलाई कार्यान्वयन गर्न जननिर्वाचित सदस्य महिलाको नेतृत्वमा बढीमा १३ सदस्य सम्म आमासमूह समिति गठन गरिने छ ।

१६.२ एकल महिला १ जना -सदस्य

१६.३ दलित महिला १ जना -सदस्य

१६.४ खुला ९ जना -सदस्य

**१७. वडा आमा समूहको काम कर्तव्य तथा अधिकार:**

१७.१ मासिक बैठक गर्ने,

१७.२ मदिरा ओसारपसार गरेको थाहा पाएमा वडामा जानकारी गरी तुरुन्तै कारबाही गर्ने र मूलसमिति लाई पनि जानकारी गराउने,

१७.३ आफ्नो वडामा जनचेतनामूलक कार्यक्रमहरू संचालन गर्ने,

१७.४ आ-आफ्नो वडालाई मदिरामुक्त वडा घोषणा गरी कामहरू अघि बढाउने,

१७.५ यदि मदिरा प्रतिबन्ध गर्न असहज वातावरण सिर्जना गर्ने जो सुकैलाई पनि कारबाही गर्ने,

१७.६ शंका लागेको ठाउँमा गई अनुसन्धान गर्ने र यदि सो अनुसन्धानमा मदिरा बरामद गरेको खण्डमा वडालाई जानकारी गरी तुरुन्तै कारवाही गर्ने र सो जानकारी मूलसमितिलाई पनि दिने,

१७.७ आ-आफ्नो वडामा सरसफाई, वृक्षारोपणका साथै अन्य प्राकृतिक, सांस्कृतिक सम्पदाहरूको संरक्षण तथा संवर्द्धन गर्ने,

१७.८ विपद् परेकालाई सहयोग गर्ने र विपद् व्यवस्थापनको लागि पुर्व तयारी गर्ने,

**१८. मदिरा बेचबिखन गर्न इजाजत प्राप्तहरूको इजाजत नवीकरण सिफारिस पूर्णरूपमा बन्द गरिनेछ र इजाजत खारेजीको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।**

**१९. गाउँपालिकावासीको कर्तब्य:** यो कार्यविधिलाई कार्यन्वयन गर्न, गराउन प्रत्येक गाउँपालिकाबासीको कर्तव्य हुनेछ ।

**२०. कार्यविधि अन्तरगत रही यो कार्यविधि कार्यान्वयन गर्न गाउँपालिकाले गर्न अन्य उपयुक्त आदेश जारी गर्न सक्नेछ ।**

**२१.यस कार्यविधिले आफ्नो जातिय,धार्मिक,सामाजिक संस्कारमा चल्ति गरी लागु गरी आएका कार्यहरको लागि वाधा पुऱ्याउने छैन ।**

**२२. जातिय,धार्मिक, सामाजिक संस्कारको नाममा सार्वजनिक स्थानमा हुने हो -हल्ला तथा सामाजिक विकृतिहरुलाई वढाव दिने क्रियाकलापलाई छुट हुने छैन।**

२३. गाउँपालिकाभित्र गाँजा लगाएत अन्य लागुपदार्थको उत्पादन र सेवनमा पूर्ण प्रतिवन्ध लगाउने ।

२४. यो कार्यविधि आवश्यक्ता अनुसार गाउँ कार्यपालिकाले संसोधन गर्न सक्नेछ ।

आज्ञाले,

महान दास लामा

प्रमुख प्रशासकीय अधिकृत